# बृहत्तर बराहक्षेत्र विकास समिति (गठन) आदेश, २०८१

कोशी प्रदेश सरकार, मन्त्रिपरिषद्बाट
स्वीकृत मितिः २०८१/०३/३०

सामाजिकविकासमन्त्रालय

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
कोशी प्रदेश, विराटनगर, नेपाल

# बृहत्तर बराहक्षेत्र विकास समिति (गठन) आदेश, २०८१

पहिलो संशोधन मितिः २०८१/०९/१८

विकास समिति ऐन, २०१३ को दफा ३क. ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ ।

## परिच्छेद — १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "बृहत्तर बराहक्षेत्र विकास समिति (गठन) आदेश, २०८१" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्षलाई सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले विकास समिति ऐन, २०१३ लाई सम्झनु पर्छ ।

(ग) "कार्यकारी निर्देशक" भन्नाले दफा ८ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "बराहक्षेत्र" भन्नाले देहायको क्षेत्र सम्झनु पर्छः-

(१) सुनसरी जिल्लाको बराहक्षेत्र नगरपालिका, धरान उपमहानगरपालिका र रामधुनी नगरपालिकाको सम्पूर्ण क्षेत्र ।

(२) धनकुटा जिल्लाको सहिदभूमि गाउँपालिका, वडा नं. १, २ र ३ तथा साँगुरीगढी गाउँपालिकाको वडा नं. ९ र १० को सम्पूर्ण क्षेत्र ।

(३) उदयपुर जिल्लाको बेलका नगरपालिकाको वडा नं. ३, ४, ५, ७, ८ र ९ को सम्पूर्ण क्षेत्र ।

(च) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले प्रदेशको संस्कृतीसम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ज) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ ।

(झ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित बृहत्तर बराहक्षेत्र विकास समिति सम्झनु पर्छ ।

## परिच्छेद – २

## समिति गठनसम्बन्धी व्यवस्था

३. **समितिको गठनः** (१) बराहक्षेत्र विकास तथा संरक्षण गर्न बृहत्तर बराहक्षेत्र विकास समिति नामको एउटा समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरू रहनेछनः-

(क) मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले नियुक्त गरेको व्यक्ति — अध्यक्ष

(ख) ✂.................................................................

(ग) बराहक्षेत्र रहेको जिल्लाका जिल्ला समन्वय समितिका प्रमुखहरू — सदस्य

(घ) बराहक्षेत्रले समेटेका सम्पूर्ण गाउँपालिकाका अध्यक्ष तथा नगरपालिकाका प्रमुख — सदस्य

(ङ) बराहक्षेत्र रहेका जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू — सदस्य

(च) बराहक्षेत्र प्राचीन हरिद्वार चतराधाम आचार्य पीठ श्री राधाकृष्ण भक्ति साधना आध्यात्मिक प्रतिष्ठानका पीठाधीश वा निजले तोकेको सो प्रतिष्ठानको प्रतिनिधि — सदस्य

(छ) बराहक्षेत्रको विकास तथा संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले मनोनीत गरेका कम्तीमा एक महिलासहित तीनजना — सदस्य

(ज) बराहक्षेत्र रहेको मालपोत कार्यालयका प्रमुखहरू — सदस्य

(झ) अधिकृत प्रतिनिधि, मन्त्रालय — सदस्य

(ञ) कार्यकारी निर्देशक — सदस्य-सचिव

(३) अध्यक्ष र उपदफा (२) को खण्ड (छ) बमोजिम नियुक्त भएका सदस्यको पदावधि चार वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा उपदफा (२) को खण्ड (छ) बमोजिम नियुक्त भएका सदस्यको कार्यसम्पादन सन्तोषजनक नभएमा वा इमान्दारीतापूर्वक पदीय दायित्व पालना नगरेमा प्रदेश सरकारले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर यसरी पदबाट हटाउनुअघि निजलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

४. **<u>सदस्यको योग्यता र अयोग्यता:</u>** (१) देहाय बमोजिमको योग्यता पुगेको व्यक्ति समितिको अध्यक्ष वा दफा ३ को उपदफा (२) को खण्ड (छ) बमोजिमको सदस्य पदको लागि योग्य मानिनेछः-

(क) कम्तीमा पैतीस वर्ष उमेर पूरा भई धर्म, संस्कृति एवम् पर्यटन क्षेत्रमा अनुभव भएको नेपाली नागरिक,

(ख) प्रचलित कानूनबमोजिम अयोग्य नभएको ।

(२) देहायको व्यक्ति समितिको अध्यक्ष वा दफा ३ को उपदफा (२) को खण्ड (छ) बमोजिमको सदस्य पदमा नियुक्ति हुन वा त्यस्तो पदमा बहाल रहन योग्य हुने छैनः-

(क) दफा ४ को उपदफा (१) बमोजिम योग्यता नभएको,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसार पसार, लागू औषध बिक्री वितरण तथा ओसार पसार, सम्पत्ति शुद्धीकरण, वन्यजन्तुको ओसार पसार, संगठित अपराध, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी

---

✂ पहिलो संशोधनद्वारा झिकिएको



सामाजिक विकास मन्त्रालय

कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ग) प्रचलित कानूनबमोजिम कालो सूचीमा परेको,

(घ) दामासाहीमा परेको,

(ङ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको ।

स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकको कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ ।

५. **पदमुक्त हुने अवस्था:** (१) देहायको अवस्थामा समितिको अध्यक्ष वा दफा ३ को उपदफा (२) को खण्ड (छ) बमोजिमको सदस्यको पद रिक्त हुनेछः-

(क) आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) दफा ३ को उपदफा (३) बमोजिम पदावधि पूरा भएमा,

(ग) दफा ३ को उपदफा (४) बमोजिम पदबाट हटाइएमा,

(घ) दफा ४ को उपदफा (२) को खण्ड (क), (ख), (ग), (घ) वा (ङ) बमोजिमको अवस्था भएमा,

(ङ) मृत्यु भएमा ।

(२) यस दफाबमोजिम अध्यक्ष तथा सदस्यको पद रिक्त भएमा यस आदेशबमोजिम अध्यक्ष र सदस्यको नियुक्ति वा मनोनयन गर्न सकिनेछ ।

६. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) बराहक्षेत्रको विकास सम्बन्धी योजना तथा कार्यक्रमहरू स्वीकृत गरी कार्यान्वयन गर्ने, गराउने।

(ख) बराहक्षेत्रको विकास सम्बन्धी योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नको लागि विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्था, निकाय वा व्यक्तिसँग सम्पर्क र समन्वय गर्ने ।

(ग) बराहक्षेत्रको सामाजिक, आर्थिक, धार्मिक तथा सांस्कृतिक पक्षको विकासको निमित्त त्यस क्षेत्रभित्रका प्राचीन ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक तथा ऐतिहासिक महत्वका प्राचीन स्थल तथा वस्तुहरूको अन्वेषण तथा अनुसन्धान गर्ने ।

(घ) बराहक्षेत्रभित्र पर्यटनको लागि उपयुक्त हुने स्थानहरूमा पर्यटन विकासको लागि आवश्यक कार्यक्रमहरू स्वीकृत गर्ने ।

(ङ) बराहक्षेत्रभित्र कुनै स्थान विशेषको महत्व, गरिमा, मान्यता र संवेदनशीलतालाई ध्यानमा राखी त्यस्ता स्थानहरूमा गर्न नहुने कार्यहरू तोकी निषेध र नियन्त्रण गर्ने ।

सामाजिक विकास मन्त्रालय

(च) बराहक्षेत्रभित्र प्राकृतिक सम्पदाहरूको संरक्षण गर्ने तथा वातावरणीय सन्तुलन कायम राख्ने खालका कार्यक्रमहरू सञ्चालन गर्ने ।

(छ) बराहक्षेत्रभित्र संस्था, अस्पताल, पुल, ढल, विजुली, टेलिफोन, सडक जस्ता सार्वजनिक उपयोगका साधनहरू सुव्यवस्थित गर्ने व्यवस्था मिलाउने, फोहोर मैला हुन नदिने गरी स्वच्छता कायम गर्ने र सो क्षेत्रभित्रका नेपाल सरकार तथा प्रदेश सरकारको कार्यालयहरू, स्थानीय निकायहरू र गैरसरकारी संस्थाहरूसँग समन्वय राखी कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ज) बराहक्षेत्रको महत्व दर्शाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सभा, सम्मेलन, गोष्ठी वा प्रदर्शनीको आयोजना गर्ने ।

(झ) बराहक्षेत्रको योजनाबद्ध विकास गर्दा सुव्यवस्थित रुपले निर्माण र मर्मत सम्भार कार्य गर्ने ।

(ञ) बराहक्षेत्रभित्र सरकारी, गैरसरकारी, निजी क्षेत्रबाट सञ्चालन हुने विकास निर्माण कार्यहरू सञ्चालन गर्न विभिन्न निकायहरूबीच समन्वय कायम गर्ने ।

(ट) बराहक्षेत्रभित्रका पुरातात्विक महत्वको स्थानलाई सुरक्षित स्थान घोषणा गर्ने ।

(ठ) यस आदेशबमोजिम समितिको उद्देश्य पूर्तिको लागि गर्नुपर्ने अन्य आवश्यक कार्यहरू गर्ने, गराउने ।

७. **<u>समितिको बैठकसम्बन्धी कार्यविधिः</u>** (१) समितिको बैठक प्रत्येक चार महिनामा कम्तीमा एक पटक वा आवश्यकताअनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको सदस्य सचिवले बैठक बस्नुभन्दा कम्तीमा दुई दिन अगाडी कार्यसूची सहित बैठक बस्ने सूचना सदस्यलाई दिनु पर्नेछ ।

(४) समितिकोबैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरू मध्येका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यकताअनुसार सम्बन्धित विषयका विशेषज्ञ सहित ३ जनालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठकको निणर्य अध्यक्ष र समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(९) सदस्यले बैठकमा भाग लिएबापत सार्वजनिक खर्चको मापदण्डसम्बन्धी प्रदेशको प्रचलित कानूनबमोजिम बैठक भत्ता तथा अन्य सुविधा पाउनेछ ।

(१०) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

## परिच्छेद — ३

## <u>कार्यकारी निर्देशकको नियुक्तिसम्बन्धी व्यवस्था</u>

८. **<u>कार्यकारी निर्देशकः</u>** (१) समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एकजना कार्यकारी निर्देशक रहनेछ।

(२) उपदफा (१) बमोजिम कार्यकारी निर्देशकको पदका लागि मन्त्रालयले कम्तीमा पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचनाका आधारमा देहाय बमोजिमको योग्यता पुगेको व्यक्तिले कार्यकारी निर्देशकको पदमा नियुक्तिका लागि निवेदन दिन सक्नेछः-

(क) पैतीस वर्ष उमेर पूरा भई साठी वर्ष उमेर ननाघेको,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक उपाधि हासिल गरेको र धर्म संस्कृतिसम्बन्धी क्षेत्रमा अनुभव हासिल गरेको,

(ग) प्रचलित कानूनबमोजिम अयोग्य नरहेको ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ को उपदफा (२) को खण्ड (क), (ख), (ग), (घ) वा (ङ) बमोजिमको अवस्थामा रहेको व्यक्ति कार्यकारी निर्देशक पदमा नियुक्त हुन वा सो पदमा बहाल रहन योग्य हुने छैन ।

(५) उपदफा (३) बमोजिम प्राप्त हुन आएका दरखास्त दिने उम्मेदवारलाई छनोट गरी प्रदेश सरकार समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक छनोट समिति रहनेछः-

(क) प्रमुख सचिवले तोकेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव -संयोजक

(ख) आन्तरिक मामिला तथा कानून मन्त्रालयको सचिव -सदस्य

(ग) मन्त्रालयको सचिव -सदस्य-सचिव

(६) उपदफा (५) बमोजिम छनोट समितिले सिफारिस गर्ने मापदण्ड आफै निर्धारण गर्नेछ।

(७) उपदफा (५) बमोजिमको छनोट समितिले गरेको सिफारिसका आधारमा प्रदेश सरकारले कार्यकारी निर्देशकको नियुक्ति गर्नेछ ।

(८) उपदफा (७) बमोजिम नियुक्त भएको कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निजलाई एक पटकका लागि पुनः नियुक्ति गर्न सकिनेछ ।

(९) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कार्यकारी निर्देशकलाई प्रदेश सरकारले पदावधि समाप्त नहुँदै पदबाट हटाउन सक्नेछः-

(क) इमानदारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा,

(ख) समितिको हित विपरीत वा समितिलाई हानी नोक्सानी हुने कुनै काम कारबाही गरेमा,

(ग) पद अनुसारको आचरण नगरेमा वा खराब आचरण देखिएमा,

(घ) कार्यक्षमताको अभाव देखिएमा ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(१०) देहायको अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त हुनेछः-

(क) अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा,

(ख) उपदफा (८) बमोजिम पदावधि पूरा भएमा,

(ग) पैसठ्ठी वर्ष उमेर पूरा भएमा,

(घ) उपदफा (४) बमोजिम अयोग्य भएमा,

(ङ) उपदफा (९) बमोजिम पदबाट हटाइएमा,

(च) निजको मृत्यु भएमा।

(११) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका अन्य शर्त र सुविधा प्रदेश सरकारको अधिकृतस्तर नवौं तहको अधिकृत वा सो सरहको हुनेछ ।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (७) बमोजिम कार्यकारी निर्देशक नियुक्ति नभएसम्मको लागि प्रदेश सरकारले कम्तीमा अधिकृतस्तर नवौं तह वा सो सरहको अधिकृतलाई कार्यकारी निर्देशकको रुपमा काम गर्ने गरी खटाउन सक्नेछ ।

९. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः** कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) समितिको योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी समितिसमक्ष पेश गर्ने,

(ख) पर्यटन क्षेत्रलाई आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न पर्यटन क्षेत्रको संरक्षण र संवर्द्धनका लागि योजना तर्जुमा गरी समिति समक्ष पेश गर्ने र समितिबाट स्वीकृत भएबमोजिम कार्यान्वयन गर्ने, गराउने,

(ग) समितिको चल अचल सम्पत्तिको संरक्षण गर्ने, गराउने र सो को अभिलेख अद्यावधिक गरी राख्ने,

(घ) समितिको बैठकबाट भएका निर्णयको कार्यान्वयन गर्ने, गराउने,

(ङ) समितिको प्रशासनिक तथा आर्थिक काम कारबाहीको नियन्त्रण तथा अनुगमन गर्ने,

(च) समितिको आन्तरिक तथा अन्तिम लेखा परीक्षण गर्ने, गराउने,

(छ) समितिबाट सञ्चालित योजना तथा कार्यक्रमको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(ज) समितिको वार्षिक प्रगति विवरण तयार गरी समिति तथा मन्त्रालयसमक्ष पेश गर्ने,

(झ) प्रदेश सरकार तथा मन्त्रालयले तोके बमोजिमका अन्य काम गर्ने, गराउने।

१०. **कार्यसम्पादन करार गर्नुपर्नेः** (१) कार्यकारी निर्देशकले आफू नियुक्त भएको मितिले तीस दिनभित्र अध्यक्ष समक्ष कार्यसम्पादन करार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यसम्पादन करारमा देहायका विषय उल्लेख गर्नु पर्नेछः-

(क) कार्यकारी निर्देशकले गर्नु पर्ने कार्यको विवरण,

(ख) निजले पेश गरेको व्यवसायिक योजनाको विवरण, धर्म, संस्कृतिको संरक्षण र प्रवर्धन तथा पर्यटन क्षेत्रको सुधारका लागि कार्यान्वयन गरिने योजना, रणनीति र कार्यक्रम तथा त्यसको कार्यान्वयन तालिका,

(ग) खण्ड (क) वा (ख) बमोजिम निजले कार्यसम्पादन गर्दा देखिने वा प्राप्त हुने अपेक्षित प्रतिफल वा उपलब्धिको विवरण,

(घ) खण्ड (ग) बमोजिमको प्रतिफल वा उपलब्धि मापन गर्न सकिने सूचक र त्यसको मूल्याङ्कनको संयन्त्र,

(ङ) तोकिए बमोजिमका अन्य विषय ।

(३) उपदफा (१) बमोजिमको कार्यसम्पादन करारअनुसार कार्यसम्पादन भए नभएको विषयमा मन्त्रालयले प्रत्येक वर्षको भदौ महिनाभित्र मूल्याङ्कन गरी सो को जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम मूल्याङ्कन गर्दा कार्यसम्पादनस्तर साठी प्रतिशतभन्दा कम भएमा दफा ८ को उपदफा (९) को खण्ड (घ) को प्रयोजनको लागि निजको कार्यक्षमता अभाव भएको मानिनेछ ।

११. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) समितिको कार्य सम्पादनका लागि समितिमा प्रशासन सेवा र प्राविधिक सेवाका पदहरू रहनेछन्।

(२) उपदफा (१) बमोजिमका पदहरू रहने गरी समितिले दरबन्दी संरचना तयार गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मन्त्रालयमा पेश भएको दरबन्दी संरचना स्वीकृतिका लागि मन्त्रालयले आर्थिक मामिला तथा योजना हेर्ने मन्त्रालयको सहमति लिई प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम मन्त्रालयबाट पेश भएको दरबन्दी संरचना प्रदेश सरकारले स्वीकृत गर्नेछ र स्वीकृत भएको पदहरूमा समितिले प्रदेश लोक सेवा आयोगबाट स्वीकृत भएका सिद्धान्त र तरिकाअनुसार प्रतिस्पर्धाको आधारमा तोकिए बमोजिम कर्मचारी नियुक्ति गर्नेछ ।

(५) उपदफा (४) बमोजिम कर्मचारीको छनोटका लागि समितिले लिने परीक्षाका सम्बन्धमा समितिले प्रदेश लोक सेवा आयोगसँग समन्वय गर्न सक्नेछ ।

(६) समितिका कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समितिले कर्मचारी व्यवस्थापन नगर्दासम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यकताका आधारमा कर्मचारी खटाउन सक्नेछ ।

## परिच्छेद — ४
## समितिको कोष तथा लेखा परीक्षणसम्बन्धी व्यवस्था

१२. **समितिको कोषः** (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायको रकम रहनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति, संघ वा निकायबाट सहयोग स्वरुप प्रचलित कानूनबमोजिम प्राप्त रकम,

(ग) दान, भेटी, पर्यटकीय शुल्क बापतको रकम,

(घ) अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट प्रचलित कानूनबमोजिम अनुदान स्वरुप प्राप्त रकम,

(ङ) समितिले उपलब्ध गराएको सेवाबापत प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नुअघि समितिले मन्त्रालयमार्फत नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको कोषमा रहने रकम समितिले तोकेको बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिमको "क" वर्गको इजाजतपत्र प्राप्त कुनै वाणिज्य बैंकमा खाता खोली समितिको नाममा जम्मा गर्नु पर्नेछ ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ।

(५) समितिको लेखा कार्यकारी निर्देशक र लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन गरिनेछ।

(६) समितिको कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

१३. **लेखा र लेखा परीक्षणः** (१) समितिको आय व्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली अनुरुपको ढाँचामा राख्नु पर्नेछ ।

(२) समितिले प्रदेश सरकारले अपनाए बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) समितिको आन्तरिक लेखा परीक्षण समितिले तोकेको लेखा परीक्षकबाट हुनेछ।

(४) समितिको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(५) मन्त्रालयले समितिको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र नगदी वा जिन्सीको विवरण जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

## परिच्छेद — ५
## विविध

१४. **उपसमिति वा कार्यदल गठन गर्न सक्नेः** (१) समितिले ऐन वा यो आदेशबमोजिम आफूले गर्नुपर्ने काम सुचारु रुपले गर्न गराउनको लागि आवश्यकताअनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्यदलको कार्यक्षेत्रगत शर्त तथा कार्यविधि त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाको बखत समितिले तोकिदिएबमोजिम हुनेछ।

(३) उपसमिति वा कार्यदलका सदस्यले बैठकमा भाग लिएबापत पाउने बैठक भत्ता तथा अन्य सुविधा प्रदेश सरकारले तोकेको मापदण्डका आधारमा हुनेछ ।

१५. **सल्लाहकार नियुक्ति गर्न सक्नेः** (१) समितिले धर्म, संस्कृति, पर्यटन तथा न्याय कानून क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका तथा नेपाली समाज एवम् संस्कृति र धर्मको अध्ययन अनुसन्धानमा संलग्न भएका नेपाली नागरिकमध्येबाट समितिको काममा सहयोग प्राप्त गर्न बढीमा पाँच जना सल्लाहकार नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त सल्लाहकारले कुनै पारिश्रमिक पाउने छैन ।

(३) उपदफा (१) बमोजिम नियुक्त हुने सल्लाहकारको कार्यक्षेत्रगत शर्त समितिले तोकिदिएबमोजिम हुनेछ ।

१६. **<u>अधिकार प्रत्यायोजनः</u>** (१) समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकताअनुसार अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक, दफा १४ बमोजिम गठन हुने उपसमिति वा कार्यदल वा समितिको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार समितिका अधिकृतस्तरका कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१७. **<u>प्रतिवेदन पेश गर्नुपर्नेः</u>** (१) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र आफूले सम्पादन गरेको कामको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायको विवरण उल्लेख गर्नु पर्नेछः-

(क) समितिबाट एक आर्थिक वर्षभित्र सम्पादन भएका कामको संक्षिप्त विवरण,

(ख) नीति, योजना र कार्यक्रमको कार्यान्वयनको स्थिति र उपलब्धि,

(ग) आम्दानी र खर्च,

(घ) लेखा परीक्षकको प्रतिवेदनमा उल्लिखित संक्षिप्त व्यहोरा,

(ङ) काम कारबाही गर्दा देखिएका मुख्य-मुख्य समस्या तथा त्यस्ता समस्या समाधानको लागि गरिएका प्रयास,

(च) आगामी योजना तथा कार्यक्रम,

(छ) तोकिए बमोजिमको अन्य विवरण ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन मन्त्रालय वा मन्त्रालयको निर्देशनबमोजिम समितिले सार्वजनिक गर्नु पर्नेछ ।

१८. **<u>निर्देशन दिन सक्नेः</u>** (१) मन्त्रालयले समितिद्वारा गरिने काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१९. **<u>प्रदेश सरकारसँग सम्पर्क गर्नुपर्नेः</u>** समिति तथा कार्यकारी निर्देशकले आफ्नो काम कारबाहीको सिलसिलामा प्रदेश सरकारसँग सम्पर्क राख्नुपर्दा मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

२०. **<u>समितिको कार्यालयः</u>** समितिको मुख्य कार्यालय सुनसरी जिल्लाको बराहक्षेत्र नगरपालिका वडा नं. १, चतरा स्थितमा रहनेछ र आवश्यकताअनुसार अन्य स्थानमा पनि सम्पर्क कार्यालयहरू रहन सक्नेछन् ।

२१. **<u>समितिको विघटनः</u>** (१) समितिको उद्देश्य पूरा भएमा समिति स्वतः विघटन हुनेछ ।

(२) समितिले अपेक्षित उपलब्धि हासिल गर्न नसकेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी जुनसुकै बखत समिति विघटन गर्न सक्नेछ।

(३) यस दफाबमोजिम समिति विघटन भएमा समितिसँग भएका सबै दायित्वहरू प्रदेश सरकारमा हस्तान्तरण भएको मानिनेछ र समितिको जायजेथासमेत प्रदेश सरकारको हुनेछ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा उल्लेख भए तापनि यो आदेश जारी हुनुअघि नेपाल सरकारको गठन आदेशबमोजिम गठन भई प्रदेश सरकारलाई हस्तान्तरण भएको समिति स्वतः विघटन भएको मानिनेछ।

२२. **<u>नियम बनाउन सक्नेः</u>** (१) यो आदेशको कार्यान्वयन गर्न समितिले यो आदेशको प्रतिकूल नहुने गरी आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेको नियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ।

२३. **<u>संशोधन तथा खारेजी:</u>** यो आदेशमा प्रदेश सरकारले आवश्यकताअनुसार संशोधन तथा खारेजी गर्न सक्नेछ ।

२४. **<u>जायजेथाको हस्तान्तरण:</u>** (१) यो आदेश जारी हुनुअघि नेपाल सरकारको गठन आदेशबमोजिम गठन भई प्रदेश सरकारलाई हस्तान्तरण भएको समितिले मन्त्रालयलाई बुझाएको सम्पूर्ण जायजेथा यो आदेशबमोजिम गठित समितिमा हस्तान्तरण भएको मानिनेछ।

(२) यो आदेश जारी हुनुअघि उपदफा (१) बमोजिमको समितिमा रहेका कार्यकारी निर्देशक र समितिले सेवा करारमा लिई समितिमा कार्यरत रहेका कर्मचारीहरू स्वतः पदमुक्त हुनेछन् ।

तर निजहरूलाई आदेश जारी हुनुअघि भुक्तानी दिन बाँकी तलब भत्ता भुक्तानी गर्न यो आदेशले बाधा पुगेको मानिने छैन ।

२५. **<u>बचाउः</u>** यो आदेश जारी हुनुअघि समितिले गरेका काम कारबाहीहरू यसै आदेशबमोजिम भएको मानिनेछ।

सामाजिक विकास मन्त्रालय